# राष्ट्रिय समाचार समिति
## केन्द्रीय कार्यालय
## काठमाडौँ

सेवा करारमा कर्मचारी पदपूर्तिसम्बन्धी सूचना !
प्रथम पटक प्रकाशित मिति : २०८१।०६।१६

आर्थिक वर्ष २०८१/०८२ का लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको स्वीकृत नीति, कार्यक्रम तथा बजेटअन्तर्गत यस समितिबाट सञ्चालन हुने मातृभाषा समाचार सम्प्रेषण सेवाका लागि सेवा कारारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूलाई देहाय बमोजिमको शर्तहरूको अधीनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रितपूर्वक दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं | विज्ञापन नं. | पद | सेवा/समूह | सङ्ख्या | आवेदन दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १-०८१/०८१ | भाषा अनुवादक (नेपाल) | रासस समाचार | २ | ५००।- | |
| २. | २-०८१/०८१ | भाषा अनुवादक (मैथिली) | रासस समाचार | २ | ५००।- | |

१. **आवश्यक कागजातहरु :** दरखास्त फारमको साथमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, पासपोर्ट साइजको २ प्रति फोटो, आवश्यक न्यूनतम शैक्षिक योग्यता प्रमाण पत्रका प्रतिलिपि, अनुभव तथा तालिमको प्रमाण पत्र प्रतिलिपि उम्मेदवार स्वंयले प्रमाणित गरेको ।

२. **आवश्यक न्यूनतम् शैक्षिक योग्यता र अनुभव :**

(क) नेपाल सरकारको मान्यताप्राप्त कम्तीमा प्रविणता प्रमाणपत्र तह +२ वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ ।

(ख) समाचार लेखनसीप भएको वा सम्बन्धित मातृभाषामा पत्रकारिता गरेको हुनुपर्नेछ ।

(ग) सम्बन्धित मातृभाषाको राम्रो ज्ञान भएको भएको हुनुपर्नेछ ।

(घ) कम्प्युटर चलाउने सीप र नविनतम प्रविधिको ज्ञान भएको अनुभव वा तालिम लिएको हुनुपर्नेछ ।

(ङ) सम्बन्धित भाषिक समुदाय/जाति विशेषका खासखास चाडपर्व, जात्रा, सांस्कृतिक रीतिथिति, भाषिक तथा साहित्यिक गतिविधिका विषयमा ज्ञान भएको ।

(च) पत्रकारिताको ज्ञान र अनुभव भई समाचार लेखनसीप भएको भएको तालिम र अनुभवको प्राप्त गरेको हुनु पर्नेछ ।

(छ) विदेशी विश्वविद्यालय वा बोर्डबाट उत्तीर्ण भई शैक्षिक योग्यता प्राप्त गर्ने उम्मेदवारले त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।

(ज) अन्तर्वार्ताका लागि आउँदा सक्कल प्रमाणपत्र ल्याउनुपर्नेछ ।

८. **उम्मेदवारको उमेरको हद :** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।

९. **दरखास्त फाराम भर्ने अवधिः** २०८१ असोज २२ गते कार्यालय समयभित्र र सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुल्ने दिनको कार्यालय समयभित्र ।

१०. **उम्मेदवारको छनोट विधि :** अन्तर्वार्ता ।

११. **दरखास्त बुझाउने स्थान :** राष्ट्रिय समाचार समिति, केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाडौँ ।

१२. **दरखास्त स्वीकृत गर्ने अधिकार राष्ट्रिय समाचार समितिमा रहनेछ ।** तोकिएको अवधिभित्र दरखास्त पेश नगरेका र रीत नपुगेका दरखास्तहरूलाई सम्भाव्य उम्मेदवारका रूपमा समावेश गरिने छैन ।

१३. **सेवाको शर्त, पारिश्रमिक तथा सुविधा :** मासिक रु २५ हजार मात्र र चाडपर्व खर्च

१४. **कामको किसिम र काम गर्नुपर्ने क्षेत्र :** नियुक्त हुने उम्मेदवारहरूले प्रचलित कानूनको अधीनमा रही समितिले तोकेअनुसारको मातृभाषामा समाचार सम्पादन र सम्प्रेषण गर्नुपर्नेछ। साथै समितिले आवश्यक ठानेमा समाचार सङ्कलनको काममा समेत खटाउन सक्नेछ।

१५. परीक्षा दस्तुर रु ५००।- (पाँच सय) यस समितिको राष्ट्रिय वाणिज्य बैंक (रावाबैं), थापाथलीमा रहेको **चल्ती खाता नं. १४३०१००००२४७४००१ मा रावाबैंका जुनसुकै शाखाबाट** रकम जम्मा गरी सक्कलै भौचर संलग्न गरी राससको केन्द्रीय कार्यालयमा आवेदन दिनुपर्नेछ। दरखास्त फाराम समितिको वेबसाइट www.rssnepal.org.np/publication बाट डाउनलोड गर्न सकिनेछ।

## मातृभाषाको समाचार सेवा सञ्चालनको लागि करारमा भाषा अनुवादक कर्मचारी नियुक्ति गर्ने कार्यविधि-२०८१

### १. रासस र मातृभाषा समाचार सेवा

राष्ट्रिय समाचार समिति (राससा) २०१८ साल फागुन ७ गते विधिवत स्थापना भएको हो। यो संस्था सूरुमा राष्ट्रिय संवाद समितिको रुपमा स्थापना भएको हो। प्रारम्भमा राससले नेपाली भाषाबाट समाचार सेवा सुरुवात गरेको हो। सेवालाई विविधिकरण गर्नेक्रममा २०२० फागुन १८ देखि अङ्ग्रेजीमा समाचार बुलेटिन प्रकाशन गर्न थाल्यो। यसबीचमा अन्तर्राष्ट्रिय समाचार, आलेख, तस्बिर, अडियो, मातृभाषा सेवा सञ्चालन गरेपनि यी सबै नेपाली र अंग्रेजी भाषामा मात्रै उपलब्ध थियो। राससले २०८० पुस २३ गतेदेखि मातृभाषामा समाचार सेवा सञ्चालन गरिरहेको छ। अव थप दुई भाषाहरु नेपाल भाषा (नेवारी) र मैथिली भाषामा समाचार सेवा सुरुवात गर्ने आर्थिक बर्ष २०८१/८२ को योजना रहेको छ। यही योजनाअनुसार नेपाल भाषा र मैथिली भाषामा समाचार सेवा सञ्चालनको लागि करारमा भाषा अनुवादक कर्मचारी नियुक्ति गर्नुपर्ने भएकाले यो कार्यविधि तयार गरिएको छ।

### २. कर्मचारी नियुक्ति पक्रिया

(क) राष्ट्रिय समाचार समिति(रासस) ऐन २०१९, विनियमावली २०४१ र राष्ट्रिय समाचार समिति कर्मचारी सेवा शर्त विनियमली २०५६( आठौ संशोधन २०७६)को व्यवस्था अनुसार छनौट समितिले तयार गरेको प्रक्रियाअनुरुप आवेदन दिन सकिनेछ।

(ख) राससको कर्मचारी नियुक्तिसम्बन्धी सार्वजनिक सञ्चार माध्यममा प्रकाशित सूचनाको आधारमा तोकिएको मापदण्डमा योग्य ठहरिएका आवेदकको छनौटका लागि गठन भएको छनौट समितिबाट तोकिएको मितिमा लिइएको मौखिक अन्तर्वार्ताबाट सिफारिस भएका व्यक्तिलाई नियुक्ति गरिने छ।

(ग) अन्तर्वार्तापछि सिफारिस भएका कर्मचारी जानकारी नदिई तोकिएको समयभित्र नियुक्ति पत्र बुझ्न नआए वैकल्पिक उम्मेदवारलाई तत्काल नियुक्ति दिइनेछ।

(घ) अन्तर्वार्ता नेपाली र सम्बन्धित भाषामा लिइने छ।

(ङ) पत्रकारितासम्बन्धी अनुभव र अन्तर्वार्तालाई कर्मचारी छनोटको आधार मानिनेछ। पत्रकारिता विषय लिइ अध्ययन गरेको, पत्रकारिता गरिरहेको, सम्बन्धित भाषामा पत्रकारिता गरिरहेको र भाषा अनुवादको अनुभव र राससको समाचार लेखन र सम्प्रेषण शैलीको जानकारी भएको उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ।

### ३. कामको सेवा शर्त र सुविधा

(क) करारमा नियुक्त भएका कर्मचारीले राससको सञ्चालक समितिले स्वीकृत गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाएको प्रस्तावनामा तोकिएबमोजिम पहिलो पटक २०८२ असार मसान्तसम्म ९ महिनाको पारिश्रमिक र चाडबाड खर्च पाउने छन्। त्यसपछिको सेवा आवश्यकताको आधारमा सेवा अवधी थप गरी तोकिएको पारिश्रमिक व्यबस्था गरिनेछ।

(ख) नियुक्ति भएका कर्मचारीले रासस व्यवस्थापनले तोकेको समय र स्थानमा बसेर काम गर्नु पर्नेछ । आवश्यकताअनुसार रासस व्यवस्थापनले यसमा परिवर्तन गर्न सक्नेछ । प्रतिकूल समय र परिस्थितिमा पनि काम गर्न तत्पर हुनु पर्नेछ ।

(ग) पहिलो पटक २०८२ असार मसान्तसम्मका लागि नियुक्ति गरिए पनि नियुक्तिपछिको तीन महिनाम्मको अवधिलाई परीक्षणकाल मानिनेछ । यस अवधिमा यस मापदण्डअनुसार करारमा नियुक्त कर्मचारीको सेवा सन्तोषजनक नठहरिएको अवस्थामा १५ दिनको पूर्वसूचना दिई सेवाबाट अवकाश दिन सकिनेछ ।

(घ) छनोट भएका कर्मचारीले नियुक्ति अवधिमा सातामा एक दिन साप्ताहिक विदाका अतिरिक्त नेपाल सरकारको प्रचलित विदा प्राप्त गर्नेछन् । तर सेवा अवरुद्ध नहुनेगरी रासस व्यवस्थापनले आवश्यक ठानेमा निजलाई विदाका दिनमा पनि काममा खटाउन सक्नेछ । यसरी विदाका दिनमा काममा खटाउदा प्रचलित कानुनबमोजिम सट्टा विदा वा अतिरिक्त पारिश्रमिक उपलब्ध गराइनेछ ।

(ङ) यस कार्यविधिअनुसार नियुक्त भएका कर्मचारीलाई व्यवस्थापनले आवश्यकताअनुसार समाचार संकलनको कार्यमा समेत खटाउन सक्नेछ ।

**४. आवेदकको योग्यता**

(क) आवेदक नेपाली नागरिक हुनुपर्नेछ । आवेदन दिंदा १८ बर्ष उमेर पुरा भई ४० वर्ष उमेर नकटेको हुनुपर्नेछ ।

(ख) आवेदन दिँदा नेपाली नागरिकताको प्रमाणपत्र र उमेर खुल्ने प्रमाणको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ग) मान्यताप्राप्त शैक्षिक संस्थाबाट कम्तिमा प्रमाणपत्र तह वा १२ कक्षा (प्लस टु) उर्तीर्ण गरेको प्रमाणपत्र हुनु पर्नेछ ।

(घ) पत्रकारिताको ज्ञान र अनुभव भई समाचार लेखनसीप भएको भएको तालिम र अनुभवको प्राप्त गरेको हुनु पर्नेछ ।

(ङ) नेपाली र सम्बन्धित मातृभाषाको ज्ञान भइ (एक अर्को भाषा)मा समानरुपले अनुवाद गर्न सक्ने क्षमता भएको हुनु पर्नेछ ।

(च) कम्प्युटर सञ्चालन सीप र नविनतम सञ्चार तथा सूचना प्रविधिको ज्ञान र अनुभव भएको वा सो सम्बन्धी तालिम प्राप्त गरेको प्रमाणपत्र हुनु पर्नेछ ।

(छ) सम्बन्धित भाषिक समुदाय/जाति विशेषका खासखास चाडपर्व, जात्रा, रीतिथितिलगायतका सांस्कृतिक पक्ष, भाषा तथा साहित्यिक गतिविधिका विषयमा ज्ञान भएको हुनु पर्नेछ । यस सम्बन्धी सम्बन्धित भाषामा कम्तिमा एक पेजको मौलिक लेख अवेदनको साथ संलग्न हुनु पर्नेछ ।

(ज) आवेदनको लागि माथि उल्लेखित सम्पूर्ण विवरणको प्रतिलिपीका साथै वैयक्तिक(Bio data) विवरण पेश गर्नु पर्नेछ । अन्तर्वार्ताको लागि आउदा सक्कल प्रमाणपत्र ल्याउनु पर्नेछ ।

**४. छनौट समिति गठन**

(क) राष्ट्रिय समाचार समिति(रासस) ऐन २०१९, विनियमावली २०४१ र राष्ट्रिय समाचार समिति कर्मचारी सेवा शर्त विनियमली २०५६( आठौ संशोधन २०७६)को व्यवस्था अनुसार आवश्यकताको आधारमा कर्मचारी प्रशासन र भाषा विज्ञसहितको छनौट समिति बनाइ करारमा कर्मचारी नियुक्त प्रक्रिया अगाडी बढाउन सक्नेछ ।